**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १० अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) ले 26/11 मुम्बई आतंकी हमलाको आरोपी तहव्वुर राणालाई आज अमेरिका देखि भारत ल्याईरहेको छ।

२. आज देशभरि महावीर जयन्ती हर्षोल्लासका साथ मनाईन्दै छ।

३. कोलकाता उच्च न्यायालयले पहाडका ३१३ जना सिक्षकहरुको तलब रोकिनेबारेमा गरिने भनिएको सुन्नुवाई ३० अप्रेलसम्मको लागी सारेको छ।

४. लामो समयको प्रतीक्षापछि परेको पानीले दार्जिलिङ पहाडको मानिसहरु हर्षित बनेका छन।

५. भारत-बंगलादेश सीमामा खटिएका बीएसएफ जवानको चट्याङ लागेर मृत्यु भएको छ।

**राणा - भारत**

वर्ष 2008 को मुम्बई आतंकी हमलाका आरोपी तहव्वुर राणा आज भारत आईरहेको छ। खबरहरु अनुसार तहव्वुर राणालाई अमेरिकाबाट विशेष विमानबाट नयाँ दिल्ली ल्याइँदैछ। यसैबीच, राष्ट्रिय अनुसन्धान एजेन्सी मुख्यालय, पटियाला कोर्ट र राष्ट्रीय,राजधानीका केही अन्य क्षेत्रहरूमा सुरक्षाको व्यापक प्रबन्ध गरिएको छ। अमेरिकाको सर्वोच्च अदालतले प्रत्यर्पणको लागि अन्तिम आवेदन खारेज गरेपछि राणालाई भारत ल्याइँदैछ।

**महावीर जयंती**

24 औं एवम अन्तिम जैन तीर्थंकर भगवान महावीरको जयन्ती आज देशभरि मनाइँदैछ। यो जैन समुदायको लागि सबैभन्दा पवित्र दिनहरू मध्ये एक हो। यस दिन भगवान महावीरका अनुयायीहरूले प्रार्थना तथा मंत्रोचार गर्दछन् र प्रसाद वितरण गर्छन्। यस दिन शोभा यात्रा पनि निकालिने गरिन्छ। यसैबीच राष्ट्रपति द्रौपदी मुर्मू, उपराष्ट्रपति जगदीप धनखड़ तथा प्रधानमन्त्री नरेन्द्र मोदीले महावीर जयन्तीको अवसरमा विशेष गरी जैन समुदाय सगै देशवासीलाई शुभकामना दिनुभएको छ। सन्देशमा राष्ट्रपति मुर्मूले भगवान महावीर अहिंसा र करुणाका प्रतिमूर्ति भएको उल्लेख गर्दै अहिंसा परमो धर्मको सन्देशले मानवतालाई नयाँ दिशा प्रदान गरेको उल्लेख गर्नुभएको छ  भने उपराष्ट्रपति जगदीप धनखड़ले भगवान महावीरको शिक्षाले हामीलाई करुणामयी र सदभावपूर्ण विश्वतर्फ लाने बताउनु भयो। यसैगरी प्रधानमन्त्री मोदीले एक सोशल मीडिया पोस्ट मार्फत 'भगवान महावीरको आदर्शले विश्वका अनगिन्ती मानिसलाई शक्ति प्रदान गर्ने बताउनु भयो भने जैन समुदायले उनको शिक्षालाई सुन्दर तरिकाले संरक्षण र लोकप्रिय बनाएको उहाँले बताउनु भयो।

**महावीर जयंती**

पश्चिम बङ्गालका राज्यपाल डा. सीभी आनन्द बोस र मुख्यमन्त्री ममता बनर्जीले महावीर जयन्तीको अवसरमा राज्यवासीहरुलाई शुभकामना दिनुभएको छ। दुवै नेताले भगवान महावीरको अहिंसा र शान्तिको सन्देश जनतामाझ पुर्याउन आह्वान गर्नुभयो।

**एसएससी**

पश्चिम बङ्गालमा २०१६ को स्कूल सर्विस कमीशन (एसएससी) भर्ती प्रक्रियामा भएको अनियमितताको विरोधमा आवाज उठाउँदै नोकरी गुमाएका शिक्षकहरूको एउटा समूह कोलकातास्थित एसएससी कार्यालय अगाडि भोक हडतालमा बसेका छन्।

****** ० ******

**कोलकाता पुलिस**

सर्वोच्च अदालतको आदेशपछि नोकरी गुमाएका शिक्षक र गैरशिक्षण कर्मचारी विरुद्ध कोलकाता पुलिसले दुई वटा मुद्दा दर्ता गरेको छ । दक्षिण कोलकाताको कसबामा कसबा स्थित जिला स्कूल निरीक्षकको कार्यालय बाहिर प्रदर्शनकारिहरु बिरुद्द लाठीचार्ज गर्दा कयौं व्यक्तिहरु घाइते भएका छन् ।
पुलिस सूत्रका अनुसार एक मामला स्वप्रेरितमा तथा दोस्रो जिल्ला विद्यालय निरीक्षकको कार्यालयले दिएको शिकायतका आधारमा मुद्दा दर्ता गरिएको हो । गत हप्ता सुप्रीम कोर्टले अप्रिल २०२४ मा कलकत्ता उच्च न्यायालयको डिभिजन बेन्चको आदेशलाई कायम राख्दै 25 हजार 753 शिक्षण र गैर-शिक्षण पदहरूको सम्पूर्ण सूची रद्द गरेको थियो भने कोर्टले राज्य सरकार र आयोगले 'वास्तविक' र 'दागी' उम्मेदवारबीच विभेद गर्न नसकेको उल्लेख गरेको थियो।

****** ० ******

**वक्फ संपत्ति**

केंद्रीय खुफिया ब्यूरो (आईबी) ले पश्चिम बङ्गालमा जबर्जस्ती वक्फ सम्पत्ति कब्जा गरेको भन्दै गृहमन्त्री अमित शाहको मन्त्रालयलाई रिपोर्ट पठाएको छ । रिपोर्टमा तृणमूल कङ्ग्रेसका मन्त्री तथा कोलकाताका मेयर फिरहाद हाकिम, राज्यसभा सांसद र नगरपालिका पार्षदसहित चार नेताको नाम उल्लेख गरिएको छ। स्रोतका अनुसार वक्फ विधेयकमाथि संसदमा बहस सुरु हुनुअघि नै उक्त प्रतिवेदन दिल्ली पठाइएको थियो। रिपोर्टका अनुसार जसमाथि आरोप लगाइएको छ, उनीहरुमा वक्फ बोर्डका दुई सदस्यहरु पनि रहेका छन् । तीमध्ये एक नदियाको कालीगञ्जका विधायक थिए । उनको केही महिनाअघि निधन भएको थियो ।अर्कोतर्फ वक्फ सम्पत्तिलाई लिएर केन्द्र र राज्य सरकारबीच पहिलेदेखि नै खिचातनी चलिरहेको छ भने यस्तो बेला यो रिपोर्ट सार्वजनिक भएपछि राजनीतिक माहोल तातेको छ ।

****** ० ******

**पानी**

हिजो बेलुकीदेखि भएको मौसम परिवर्तनसगै निक्कै लामो समयको प्रतीक्षापछि परेको पानीले दार्जिलिङ पहाडको विभिन्न क्षेत्रका सर्वसाधारणहरु सगैं किसानहरु निक्कै हर्षित बनेका छन। पानीले विशेष किसानहरूले लगाएको खेतीपातीले अब काचुली फेर्नेमा आशा साचेका छन। यसका साथमा आजको वर्षाले सुक्न लागेको पानीको मुहानहरु पनि केहि रसाएपछि पिउने पानीमा आउने सकट केहि हदसम्म कम हुने स्थानीयहरुले अपेक्षा गरेका छन। यसैगरी पानी पर्नाले बाटो नजिक रहेका गाउँ बस्तीका घरहरु सगै शहर बजारको क्षेत्रहरु पनि केहि दिनसम्म धुलोमुक्त हुने आशा गरिएको छ।अर्कोतिर पानी पर्नाले ग्रामीण भेगसगै कमानवासीहरुले पनि निकै राहतका सास फेरेका छन भने पानीको अभावमा मुर्झाएका पत्तीका बोटहरु नयाँ पाउला सगै दुई पात एक सुइरोले नयाँ जीवन पाउने अपेक्षा गरिएको छ। स्मरण रहोस् लगभग पाँच महिनादेखि दार्जिलिङ पहाडको विभिन्न स्थानहरुमा भनेजस्तो पानी परेको थिएन भने पानीको अभावले बन जगलमा आगलागीको घटनाहरु दैनिक रूपमा बढेको थियो। यसका साथमा ठाउँ ठाउँमा पिउने पानीको समेत समस्या हुनथालेको थियो भने आज परेको पानीले सबैले राहतको सास फेरेका छन।

****** ० ******

**गिद्दे**

खरसाङको गिद्ध पहाड़स्थित जीटीएको सचिवालयमा एमओडी सभासद प्रणाम रसाईलीको विशेष पहलमा हटीकल्चर र फ्लोरिकल्चर विषय लिएर एक सभा सम्पन्न भयो।सभामा भागोप्रमो खरसाङ टाउन कमिटी कार्यवाहक सचिव बिरबल पाख्रिन, खरसाङ अर्किड सोसाइटीका सभापति राम प्रधान, लक्ष्मण राई, सकुल राई, मूल सचिव पासाङ लेप्चा, लक्ष्मण शर्मा, भोला राउत, निमा तामङ, बिष्णु शर्मा, मोहम्मद अजीज र मोहम्मद खलील लगायत जीटीएको पक्षबाट भास्कर मुखिया, विकास प्रधान, पोख्रेबुङबाट बीबी राई, मिरिकबाट प्रबिन राई उपस्थित थिए। सभामा फ्लोरिकल्चर सम्बन्धित कृषकहरूलाई जीटीएद्वारा सम्पूर्ण सुविधा साथै सरकारी सहुलियत विषयमा विस्तृत जानकारी गराइएको छ।सभामा आगामी अक्टोबर महिनामा जीटीएले फूल प्रदर्शनी गरेर एक नयाँ आयाम सृजना गरिनु पर्ने सुझाव राखिएको छ।

****** ० ******

**चट्याङ**

भारत-बंगलादेश सीमामा खटिएका बीएसएफ जवानको चट्याङ लागेर मृत्यु भएको छ। सिलगढी महकुमा परिषद्अन्तर्गत फाँसीदेवास्थित भारत-बंगलादेश सीमामा खटिएका 18 औं बटालियनका जवानको चट्याङ लागेर मृत्यु भएको बताइएको छ। फाँसीदेवा बीओपीमा खटिएका 42 वर्षीय बीएसएफ जवान दीपक कुमार बुधबार बेलुका सीमामा रहेको सूर्यपुर गाउँको गेट नम्बर 23 मा ड्युटीमा थिए। राति बिजुली चम्किरहेको थियो। त्यतिकैमा ठूलो आवाजसहित चट्याङ हान्यो। सोही समय जवान दीपक कुमारलाई चट्याङ लागेको बताइएको छ। खबर पाएपछि अन्य बीएसएफ जवानहरू घटनास्थलमा पुगेका थिए। त्यसपछि उनलाई त्यहाँबाट उद्धार गरी फाँसीदेवा ग्रामीण अस्पताल लगिएको थियो। चिकित्सकहरूले जाँचपछि उनलाई मृत घोषित गरे। खबर पाउने बित्तिकै फाँसीदेवा पुलिस अस्पताल पुगेको थियो।

****** ० ******

**वुसु**

९औं नेताजी सुभास राज्य खेल महोत्सव अन्तर्गत वुसु खेलमा गोरुबथानकी छोरी सुषमा राईले उत्कृष्ट प्रदर्शन गर्दै रजत पदक जित्न सफल भएकी छिन्।बंगाल ओलम्पिक एसोसिएसनको आयोजनामा आयोजित राज्यस्तरीय खेल महोत्सव ७ अप्रिलदेखि कोलकाता–मालदामा सुरु भई १० अप्रिलमा सम्पन्न भएको हो। उक्त प्रतियोगितामा कालिम्पोङ जिल्लालाई प्रतिनिधित्व गर्दै सहभागी भएकी सुषमा राईले ५३ देखि ५६ केजी तौल समूहको वुसु खेलमा दोस्रो स्थान हासिल गर्दै रजत पदक जितेकी हुन्।यो प्रतियोगिता सुषमाको पहिलो अनुभव भए पनि उनले प्रारम्भिक चरणका खेलहरूमा आफ्नो प्रतिद्वन्द्वीहरूलाई पराजित गर्दै फाइनलसम्मको यात्रा तय गरेकी थिइन्। यसै खेल महोत्सवमा अर्की खेलाडी अर्चना कुमारी शाहले ६०देखि ६५ केजी वर्गमा प्रतिस्पर्धा गर्दै कास्य पदक जित्न सफल भइन्।

****** ० ******